# एभरेष्ट बैंक लिमिटेडको धितोमा रहेको अचल सम्पत्तिहरु लिलाम बिक्रीको लागि गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना ।

(दोश्रो पटक प्रकाशित मिति : २०८२/०३/१३)

यस एभरेष्ट बैंक लि.को तपसिलका शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको विभिन्न ऋण कर्जा तथा बैकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित रुपमा सूचना गरी ताकेता गर्दा र ऋणकर्जा चुक्ता भुक्तानी गर्न विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना र प्रथम पटक १५ दिने लिलामको सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले कर्जा भुक्तानीमा कुनै चासो नदेखाएकोले र प्रथम पटक १५ दिने लिलामको सूचना प्रकाशित गरिएकोमा कुनै बोलपत्र पेश नभएकाले ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्य प्रचलित कानुन बमोजिम तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा ऋणीहरु लगायत धितो लेखिदिने र व्यक्तिगत जमानी दिने तथा सर्वसाधारणको जानकारीका लागि यो **गोप्य शिलबन्दी बोलपत्र** आव्हानको १५ दिने सूचना दोश्रो पटक पुनः प्रकाशित गरिएकोछ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सक्नुहुनेछ ।

## तपसिल

**शाखा कार्यालयः गरुडा, रौतहट फोन नं.: ०५५-५६५०६८ ।**

**१. ऋणीको विवरण**

मिति २०७२/११/१३ मा नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर रौतहटमा प्रा.फ.र.नं. ४३३२।१९१ अन्तरर्गत दर्ता भएको तथा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरीक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय सिमरा तथा करदाता सेवा कार्यालय गौर को मिति २०६८।०८।०४ को पान नं. ३०५२९००२३ र मू.अ.क. दर्ता मिति २०७२।११।१३ अन्तर्गत दर्ता भएको **आदर्श ट्रेडर्स** ।

**ठेगानाः** रौतहट जिल्ला, गरुडा बैरिया गा.वि.स वडा नं. ९ हाल गरुडा न.पा. वडा नं. ४, रौतहट ।

**प्रोप्राईटरः** श्री रामस्वरुप साहको नाति, श्री सुरेश प्रसाद साहको छोरा रौतहट जिल्ला, गरुडा बैरिया गा.वि.स. वडा नं. ९ हाल गरुडा न.पा. वडा नं. ४, रौतहट बस्ने वर्ष ४३ को (ना.प्र.नं २५१७, जारी मिति २०५४/०३/२२, जि.प्र.का. रौतहट) **श्री अनिल कुमार साह** ।

**व्यक्तिगत तथा धितो जमानी दिनेहरुको नाम, थर, ठेगाना**

१) श्री लिला साहको नाति, श्री राम स्वरुप साहको छोरा रौतहट जिल्ला, गरुडा बैरिया गा.वि.स. वडा नं. ९ हाल गरुडा न.पा. वडा नं. ४, रौतहट बस्ने वर्ष ७४ को (ना.प्र.नं ७७४, जारी मिति २०३३/१०/२५, जि.प्र.का. रौतहट) **श्री सुरेश प्रसाद साह** ।

२) श्री रामभजन साहकी छोरी, श्री राम रुवरुप साहकी बुहारी, श्री सुरेश प्रसाद साहकी पत्नी रौतहट जिल्ला, गरुडा बैरिया गा.वि.स. वडा नं. ९ हाल गरुडा न.पा. वडा नं. ४, रौतहट बस्ने वर्ष ७३ की (ना.प्र.नं ८५०।०३३।०३४, जारी मिति २०३३/१०/०६, जि.प्र.का. रौतहट) **श्रीमती जयपती देवी** ।

३) श्री रामस्वरुप साहको नाति, श्री सुरेश प्रसाद साहको छोरा रौतहट जिल्ला, गरुडा बैरिया गा.वि.स. वडा नं. ९ हाल गरुडा न.पा. वडा नं. ४, रौतहट बस्ने वर्ष ४६ को (ना.प्र.नं. २६५१, जारी मिति २०५२/०१/१२, जि.प्र.का. रौतहट) **श्री अरुण कुमार साह** ।

४) श्री विनोद प्रसाद साहकी छोरी, श्री सुरेश प्रसाद साहकी बुहारी, श्री अरुण कुमार साहकी पत्नी रौतहट जिल्ला, खेसरहीया गा.वि.स. वडा नं. ५ हाल गरुडा न.पा. वडा नं. ४, रौतहट बस्ने वर्ष ३९ की (ना.प्र.नं १६८४, जारी मिति २०५८/०६/०३, जि.प्र.का. रौतहट) **श्रीमती नीतु साह** ।

५) श्री जय नारायण साहकी छोरी, श्री सुरेश प्रसाद साहकी बुहारी, श्री अनिल कुमार साहकी पत्नी रौतहट जिल्ला, गरुडा बैरिया गा.वि.स. वडा नं. ९ हाल गरुडा न.पा. वडा नं. ४, रौतहट बस्ने वर्ष ३८ की (ना.प्र.नं ३२६३, जारी मिति २०६३/०७/२७, जि.प्र.का. रौतहट) **श्रीमती अंशु देवी साह** ।

**धितोमा रहेको सम्पत्तिहरुको विवरण**

१) श्री लिला साहको नाति, श्री राम स्वरुप साहको छोरा रौतहट जिल्ला, गरुडा बैरिया गा.वि.स. वडा नं. ९ हाल गरुडा न.पा. वडा नं. ४, रौतहट बस्ने वर्ष ७४ को (ना.प्र.नं ७७४, जारी मिति २०३३/१०/२५, जि.प्र.का. रौतहट) **श्री सुरेश प्रसाद साह**का नाममा दर्ता श्रेस्ता कायम रहेको रौतहट जिल्ला, बसबिटी जिंगडिया वडा नं. ३ स्थित **कित्ता नं. ३४२** को जम्मा क्षेत्रफल **१-१-१२-० (बि.क.धु.क)** को घर/जग्गा तथा अन्य सम्पूर्ण लिग लगापातहरु ।

**शाखा कार्यालयः खाँदबारी, संखुवासभा फोन नं.: ०२९-५६३१२१ ।**

**१. ऋणीको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभाग, घरेलु तथा साना उद्योग बिकास समिती खाँदबारी संखुवासभामा मिति २०७१/०६/२३ को प्रमाणपत्र नं. ५१७/७१/०७२ तथा आन्तरीक राजश्व कार्यालय धरान सुनसरीको मिति २०७१/०४/२३ को पान नं. ६०२०८३६४७ अन्तर्गत दर्ता कायम भएको **आर्यन ट्रेडर्स** ।

**ठेगानाः** संखुवासभा जिल्ला खाँदबारी न.पा.वडा नं. १ ।

**प्रोप्राईटरः** कृष्ण प्रसाद घिमिरेकी बुहारी, अग्नी प्रसाद तिम्सिनाकी छोरी, दमन घिमिरेकी पत्नी संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ४४ की (ना.प्र.नं. १०-०१-७०-०१२९१, जि.प्र.का. संखुवासभा, जारी मिति २०७०/१२/२८) **बाला घिमिरे** ।

**व्यक्तिगत तथा धितो जमानी दिनेहरुको नाम, थर, ठेगाना**

१) नारद घिमिरेको नाति, कृष्ण प्रसाद घिमिरेको छोरा मोरङ्ग जिल्ला, इटहरा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल खाँदबारी न.पा. वडा नं. १ बस्ने वर्ष ५३ को (ना.प्र.नं. ०५२९७९/१७७५, जि.प्र.का. मोरङ्ग, जारी मिति २०४६/११/१३) **दमन घिमिरे** ।

२) नारद घिमिरेकी बुहारी, कृष्ण प्रसाद घिमिरेकी पत्नी मोरङ्ग जिल्ला, इटहरा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल खाँदबारी न.पा. वडा नं. १ बस्ने वर्ष ६९ की (ना.प्र.नं. ४९०९/६१२, जि.प्र.का. मोरङ्ग, जारी मिति २०४६/०२/२०) **दुर्गा देवी घिमिरे** ।

३) नारद घिमिरेको नाति, कृष्ण प्रसाद घिमिरेको छोरा मोरङ्ग जिल्ला, इटहरा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल खाँदबारी न.पा. वडा नं. १ बस्ने वर्ष ५५ को (ना.प्र.नं. ४७४४/६१३, जि.प्र.का. मोरङ्ग, जारी मिति २०४६/०२/२०) **मनोहर घिमिरे** ।

४) कृष्ण प्रसाद घिमिरको नाति, दमन घिमिरेको छोरा संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. १ स्थाई ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष २३ को (ना.प्र.नं. १०-०१-७५-०१९६२, जारी मिति २०७५/१०/०३) **आयुष घिमिरे** ।

५) कृष्ण प्रसाद घिमिरको नाति, मनोहर घिमिरेको छोरा मोरङ्ग जिल्ला, रतूवामाई न.पा. वडा नं. १० स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर न.पा. वडा नं. ३ बस्ने वर्ष २२ को (ना.प्र.नं. ०५-०६-७८-०३२४४, जारी मिति २०७८/०८/०५) **नविन घिमिरे** ।

६) कृष्ण प्रसाद घिमिरेकी बुहारी, अमृत बहादुर खड्काकी छोरी, मनोहर घिमिरेकी पत्नी मोरङ्ग जिल्ला, जाँते गा.वि.स. वडा नं. ८ स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर न.पा. वडा नं. ३ बस्ने वर्ष ५३ की (ना.प्र.नं. ३६१७/३०६३६, जारी मिति २०४६/१२/१७) **पदम कुमारी खड्का** ।

**धितोमा रहेको सम्पत्तिहरुको विवरण**

१) कृष्ण प्रसाद घिमिरेकी बुहारी, अग्नी प्रसाद तिम्सिनाकी छोरी, दमन घिमिरेकी पत्नी संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ४४ की (ना.प्र.नं. १०-०१-७०-०१२९१, जि.प्र.का. संखुवासभा, जारी मिति २०७०/१२/२८) **बाला घिमिरे**को नाममा मालपोत कार्यालय, खाँदबारी संखुवासभामा दर्ता कायम रहेको मनकामना गा.वि.स. वडा नं. ३ हाल खाँदबारी न.पा. १, संखुवासभा स्थित **किता नं. ४०५०** को क्षेत्रफल **१५५ बर्ग मी.** को जग्गा लगायत सम्पूर्ण लिगलगापातहरु ।

२) नारद घिमिरेको नाति, कृष्ण प्रसाद घिमिरेको छोरा मोरङ्ग जिल्ला, इटहरा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल खाँदबारी न.पा. वडा नं. १ बस्ने वर्ष ५३ को (ना.प्र.नं. ०५२९७९/१७७५, जि.प्र.का. मोरङ्ग, जारी मिति २०४६/११/१३) **दमन घिमिरे**को नाममा मालपोत कार्यालय खाँदबारी संखुवासभामा दर्ता कायम रहेको मनकामना गा.वि.स. वडा नं. ३ हाल खाँदबारी न.पा. १, संखुवासभा स्थित **किता नं. ४५१५** को क्षेत्रफल **३५८.२५ बर्ग मी.** को जग्गा लगायत सम्पूर्ण लिगलगापातहरु ।

३) नारद घिमिरेकी बुहारी, कृष्ण प्रसाद घिमिरेकी पत्नी मोरङ्ग जिल्ला, इटहरा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल खाँदबारी न.पा. वडा नं. १ बस्ने वर्ष ६९ की (ना.प्र.नं. ४९०९/६१२, जि.प्र.का. मोरङ्ग, जारी मिति २०४६/०२/२०) **दुर्गा देवी घिमिरे**को नाममा मालपोत कार्यालय विराटनगर, मोरङ्ग दर्ता कायम रहेको विराटनगर उ.म.न.पा. वडा नं. १ सीट न. १ क मोरङ्ग स्थित **किता नं. ३४२१** को क्षेत्रफल **३१३.२० बर्ग मी.** को जग्गा लगायत सम्पूर्ण लिगलगापातहरु ।

**२. ऋणीको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य बिभाग, घरेलु तथा साना उद्योग बिकास समिती खाँदबारी संखुवासभामा मिति २०७३/०२/०९ को प्रमाणपत्र नं. ७४३/०७२/७३ तथा आन्तरीक राजश्व कार्यालय धरान सुनसरीको मिति २०७३/०२/ १० को पान नं. ६०४१५९७८० अन्तर्गत दर्ता कायम भएका **आर्यन इन्टरप्राइजेज** ।

**ठेगानाः** संखुवासभा जिल्ला खाँदबारी न.पा.वडा नं. १ ।

**प्रोप्राईटरः** नारद घिमिरेको नाति, कृष्ण प्रसाद घिमिरेको छोरा मोरङ्ग जिल्ला, इटहरा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल खाँदबारी न.पा. वडा नं. १ बस्ने वर्ष ५३ को (ना.प्र.नं. ०५२९७९/१७७५, जि.प्र.का. मोरङ्ग, जारी मिति २०४६/११/१३) **दमन घिमिरे** ।

**व्यक्तिगत तथा धितो जमानी दिनेहरुको नाम, थर, ठेगाना**

१) कृष्ण प्रसाद घिमिरेकी बुहारी, अग्नी प्रसाद तिम्सिनाकी छोरी, दमन घिमिरेकी पत्नी संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ४४ की (ना.प्र.नं. १०-०१-७०-०१२९१, जि.प्र.का. संखुवासभा, जारी मिति २०७०/१२/२८) **बाला घिमिरे** ।

२) ऋणी **आर्यन इन्टरप्राइजेजले** लिएको कर्जाको लागि माथी उल्लेख भएको **दुर्गा देवी घिमिरे, मनोहर घिमिर, नविन घिमिरे, आयुष घिमिरे** र **पदम कुमारी खड्का** नै व्यक्तिगत जमानी रहेको ।

**धितोमा रहेको सम्पत्तिहरुको विवरण**

१) ऋणी **आर्यन इन्टरप्राइजेजले** लिएको कर्जाको लागि माथि ऋणी **आर्यन ट्रेडर्सको नाममा धितो सुरक्षण कायम** रहेको सम्पूर्ण जग्गा तथा लिगलगापातहरु नै धितो सुरक्षण कायम रहेको ।

## शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितीले **१५ (पन्ध्रौं) दिन अर्थात मिति २०८२ साल असार महिना २७ गते शुक्रबार** भित्र यस बैंकको **सम्बन्धित शाखा कार्यालयहरु** स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।

२) बोलपत्र निवेदनको ढाँचामा लेखी बोलपत्र वालाको हस्ताक्षर सहित खामबन्दी (लाह छाप) गरी बाहिर (**मिति २०८२ साल असार महिना १३ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित सूचनामा**) उल्लेख भए बमोजिमको घर/जग्गा लगायत चल/अचल सम्पत्तिको लागि इच्छुक बोलपत्र दाताले धितोमा रहेको सम्पत्तिहरु मध्ये जुन सम्पत्ति लिन चाहेको हो सो खुलाई अलग अलग बोलपत्र पेश गर्न सक्नुहुनेछ साथै बोलपत्रदाताले धितोमा रहेको घर/जग्गा लगायत चल/अचल सम्पत्तिकाको लागि एकमुष्ट बोलपत्र समेत पेश गर्न सक्नुहुनेछ ।

३) बोलपत्रमा आफुले कुन चाहिँ धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत बैंक ड्राफ्ट/गुडफर पेमेन्ट चेक/मेनेजर्स चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनु पर्नेछ । बैंक ड्राफ्ट/गुडफर पेमेन्ट चेक/मेनेजर्स चेक वाहेक अन्य कुनै किसिमका धरौट स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै व्याज दिईने छैन ।

४) यो सूचना प्रकाशित भएको मितिले **१६ (सोह्रौं) दिन अर्थात मिति २०८२ साल असार महिना २८ गते शनिवार सार्वजनिक बिदा परेकोले सोको भोलि पल्ट मिति २०८२ साल असार महिना २९ गते आइतबार अपरान्ह ३:०० बजे** देखि बोलपत्र दाता वा निजको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा **सम्बन्धित शाखा कार्यालयहरुमा** बोलपत्र खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।

५) बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत विदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

६) म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

७) बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, प्यान दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

८) बोलपत्र स्विकृत भएमा सम्बन्धित बोलपत्र दाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिनभित्र बोलपत्रमा प्रस्ताव गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नु पर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।

९) स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमा नै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात् धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ ।

१०) लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको **सम्बन्धित शाखा कार्यालयहरुको** कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।

११) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंकले उक्त सम्पत्तिको स्वामित्व आफ्नो नाममा सकार गरिलिन सक्नेछ ।

१२) गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।

१३) प्राप्त भएको गोप्य शिलबन्दी मार्फत सबैभन्दा बढी बोल अंक राखि गोप्य शिलबन्दी पेश गर्ने बोलपत्रदाताको प्रस्ताव आंशिक वा पूर्ण रुपमा स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकसँग नै सुरक्षित रहनेछ ।

१४) बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्र वापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ ।

१५) धितोबन्धक लेखिदिएको घरजग्गा लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित कानून तथा बैंकको ऋण असुली नीति बमोजिम असुल उपर गरिलिन थप कारवाही अघि बढाइनेछ ।

१६) धितोदिने तथा व्यक्तिगत जमानीदिने माथि उल्लेखित महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

**पुनश्चः (धितो लेखिदिने तथा व्यक्तिगत धनजमानी दिनेहरुलाई सूचना) :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादै भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्तदिन स्वयम् उपस्थित भै लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा वा हाल बैंकबाट भएको मुल्याकंन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै तपाईहरुबाट बैंकको कर्जा भुक्तानी नगरी धितो सम्पत्ति अन्य कोही कसैले सकार गरिलिएमा वा बैंक आफैले सकार गरेमा वा नगरेमा समेत यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र उक्तजग्गा तथा घर खाली गरी बैंकलाई हस्तान्तरण गर्नु हुन समेत सूचित गरिएको छ । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मूल्यांकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभई बाँकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य सम्पत्तिबाट असुलउपर गरिने व्यहोरा समेत यसै सूचनाबाट थप जानकारी गराइएको छ ।

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED

प्रधान कार्यालय
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४५४३३७७ ।

Consistent, Strong & Dependable